# भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७७

भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलव्ध गराउने तथा अव्यवस्थित वसोवासीको व्यवस्थापनको शिलशिलामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको पहिचान र प्रमाणीकरण गर्ने कार्यलाई व्यवस्थित गर्ने प्रयोजनका लागि भूमि सम्वन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ६ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी यो आधार र मापदण्ड वनाई लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

यस आधार र मापदण्डको नाम "भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणिकरणको आधार र मापदण्ड, २०७७" रहेको छ। यो आधार र मापदण्ड आयोगबाट स्वीकृत भएको मिति २०७७/०७/०० बाट लागू हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आधार र मापदण्डमा,

(क) "अव्यवस्थित वसोवासी" भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भएतापनि कम्तिमा दश वर्ष देखि आवाद कमोत गरी घर टहरा वनाई वसोवास गरेका भूमि सम्वन्धी ऐन २०२१, को दफा ५२ग. को उपदफा (३) को आधारमा वर्गिकरण गरिएका व्यक्तिलाई संझनु पर्छ र सो शव्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउनेछ।

(ख) "ऐन" भन्नाले भूमि सम्वन्धी ऐन, २०२१ लाई सम्झनु पर्छ।

(ग) "नियमहरु" भन्नाले भूमि सम्वन्धी नियमहरु, २०२१ लाई सम्झनु पर्छ ।

(घ) "परिवार" भन्नाले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी वा अव्यवस्थित वसोवासीको पति, पत्नि, वावु, आमा र छोराछोरी सम्झनु पर्छ । तर सो शव्दले कानून वमोजिम अंशवण्डा गरी मानो छुट्टिई आ आफ्नो पेशा व्यवसाय गरी वसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) "भूमिहीन सुकुम्वासी" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासवाट जग्गाको प्रवन्ध गर्न असमर्थ व्यक्ति संझनु पर्छ र सो शव्दले निज प्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउछ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई संझनु पर्छ।

**३. <u>प्रक्रिया</u> :** (१) स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण यस आधार र मापदण्ड अनुसार गर्नु पर्नेछ ।

**(२)** भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७७ अनुसार गर्नुपर्नेछ।

**४. <u>भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्डहरु:</u>**

(१) देहायका आधारमा स्थानीय तहको कार्यपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्वासीको पहिचान र प्रमाणीकरण गरी जिल्ला समिति समक्ष पेश गर्नु पर्नेछ। जिल्ला समिति गठन नभएको अवस्थामा स्थानीय तहले आयोग समक्ष पेश गर्नुपर्नेछ।

(क) नेपाली नागरिक,

(ख) सम्वन्धित स्थानीय तहमा वसोवास वा आवाद कमोत गरी आएको व्यक्ति,

(ग) भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०७७ ले तोके वमोजिमको निवेदन वा प्रश्नावलीको ढांचा अनुसारको आफ्नो वा आफ्नो परिवारका सवै सदस्यको विवरण सहितको निवेदन,

(घ) निवेदन वा प्रश्नावलीको ढांचा अनुरुप भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीले नेपाल राज्य भित्र आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, पछि छानवीनवाट जग्गा भएको पुष्टि हुन आए यसरी प्राप्त हुने जग्गा सरकारीकरण गर्न र कानून वमोजिम सहन वुझाउन मञ्जुर छु भनि गरेको स्वयं घोषणा,

(ङ) भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीले आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको आय आर्जन, स्रोत र प्रयासवाट जग्गा प्रवन्ध गर्न असमर्थ छु भनि गरेको स्वयं घोषणा,

(च) भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीले सरकारी अनुदान वा सहयोगवाट यस अघि नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनि गरेको स्वयं घोषणा,

(छ) जग्गाधनी पूर्जा भएको तर नदी कटान, पहिरो, डुबान वा अन्य प्राकृतिक विपद्का कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सवै जग्गा प्रयोगमा आउने सम्भावना पनि नभएकाको हकमा त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यलयको पत्र,

(ज) वडा अध्यक्ष सहित वडाका जनप्रतिनिधि समेतको रोहवरमा वडा कार्यालयमा गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमवाट भूमिहीन सुकुम्वासी हो भनि एकिन गरीएको प्रतिवेदन।

(झ) सम्वन्धित स्थानीय तहको वडा समितिको वैठकवाट निज भूमिहीन सुकुम्वासी हो भनि गरेको निर्णय।

(ञ) स्थानीय तहले प्राप्त गरेको निवेदन वा तथ्याङ्क विवरण उपर छानवीन गरी त्यसको सत्यापनका लागि कम्तिमा १५ दिने सार्वजनिक सूचना जारी गरी त्यस सम्वन्धमा प्राप्त उजुरीका सम्वन्धमा स्थानीय तहस्तरीय सहजीकरण समितिको सिफारिस वा निर्णय ।

(२) देहायका आधारमा जिल्ला समितिले भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीको पहिचान र प्रमाणीकरणको पुनर्पुष्टि गरि आयोग समक्ष सिफारिस गर्नुपर्नेछ।

(क) सम्वन्धित स्थानीय तहको कार्यपालिकाको प्रमाणीकरण निर्णय, प्रमाणीकरण गरिएका व्यक्तिको नामावली सहितको तोकिएको ढाँचा अनुसारको प्रतिवेदन,

(ख) जिल्ला समितिले स्थानीय तहवाट प्राप्त गरेको प्रमाणीकरण सहितको विवरणको पुनरपुष्टिका लागि कम्तिमा ७ दिने सार्वजनिक सूचना जारी गरी निज वा निजको परिवारको स्वामित्वमा जग्गा भएको भनि प्राप्त उजुरीका सम्वन्धमा जिल्ला समितिको छानविन प्रतिवदेन वा सम्वन्धित मालपोत कार्यालयले निज वा निजको परिवारको स्वामित्वमा  जिल्ला भित्र जग्गा छैन भनि लेखेको पत्र,

(ग) खण्ड (ख) वमोजिम जग्गाको विषय वाहेक अन्य विषयमा उजुरी प्राप्त भए सो सम्वन्धमा जिल्ला समितिले गरेको छानवीन प्रतिवेदन।

(३) देहायका आधारमा भूमि सम्वन्धी समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीको विवरण प्रमाणीत गर्नेछ।

(क) जिल्ला समितिको सिफारिस,

(ख) सम्वन्धित स्थानीय तहको कार्यपालिकाको प्रमाणीकरणको निर्णय,

(ग) खण्ड (क) वा (ख) का सम्वन्धमा कुनै उजुरी प्राप्त हुन आएमा सोको सम्वन्धमा  आयोगले गरेको छानवीन प्रतिवेदन,

(घ) आयोगले तोकेका अन्य कुरा।

**५.** **<u>अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्ड:</u>** (१) देहायका आधारमा स्थानीय तहको कार्यपालिकाले अव्यवस्थित वसोवासी हो भनि पहिचान र प्रमाणीकरण गर्नु पर्नेछ।

(क) नेपाली नागरिक,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत सम्वन्धी कार्यविधि, २०७७ ले तोके वमोजिमको निवेदन वा प्रश्नावलीको ढांचा अनुसारको आफ्नो वा आफ्नो परिवारका सवै सदस्यको विवरण सहितको निवेदन,

(ग) नेपाल राज्यभरमा आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सम्पुर्ण जग्गाको जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपि,

(घ) नेपाल सरकारद्वारा बसोबास गर्ने उद्देश्यले स्थापित संस्थाको जग्गामा वसोवास गरेको वा आवाद कमोत गरेको अव्यवस्थित वसोवासी भए सम्वन्धित सस्थाले सो जग्गा दिन सहमति गरेको निर्णय,

(ङ) भूमि समन्धी ऐन, २०२१ को आठौ संसोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० वर्ष अघिवाट निज वसोवास गरी आएको जग्गा आवाद कमोत भई आएको हो भनि वडा समितिले गरेको निर्णय र सिफारिस,

(च) अव्यवस्थित वसोवासीले आफ्नो वा आफ्नो परिवारका सदस्यले सरकारी अनुदान वा सहयोगवाट ऐनको दफा ५२ग. वमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनि गरेको स्वयं घोषणा,

(छ) वडा अध्यक्ष समेत वडाका प्रतिनिधिको रोहवरमा वडा कार्यालयमा गरिएको सार्वजनिक सुनुवाईवाट अव्यवस्थित वसोवासी हो भनि गरेको सिफारिस ।

(ज) वडा समितिको वैठकवाट निज अव्यवस्थित वसोवासी हो भनि गरेको निर्णय र सिफारिस,

(झ) स्थानीय तहले प्राप्त गरेको निवेदन वा तथ्याङ्क विवरण उपर छानवीन गरी त्यसको सत्यापनका लागि कम्तिमा १५ दिने सार्वजनिक सूचना जारी गरी त्यस सम्वन्धमा प्राप्त उजुरीका सम्वन्धमा स्थानीय तहस्तरीय सहजिकरण समितिको सिफारिस निर्णय।

(२) देहायका आधारमा जिल्ला समितिले अव्यवस्थित वसोवासीको पहिचान र प्रमाणीकरणको पुनर्पुष्टि गरि आयोग समक्ष सिफारिस गर्नुपर्नेछ ।

(क) सम्वन्धित स्थानीय तहको कार्यपालिकाको प्रमाणीकरण निर्णय, प्रमाणीकरण गरिएका व्यक्तिको नामावली सहितको तोकिएको ढाँचा अनुसारको प्रतिवेदन,

(ख) अव्यवस्थित वसोवासीले आवाद कमोत गरी आएको जग्गा सरकारी अभिलेखमा वन जनिएको भएतापनि हाल वन नरही आवादीमा रहेको भनि सम्वन्धित स्थानीय तहको कार्यापालिकाको निर्णय,

(ग) ऐनको दफा ५२ख. (४) वमोजिम नकारात्मक सूचि भित्रको जग्गा होईन भनि प्रदेश सरकार र सम्वन्धित स्थानीय तहले गरेको निर्णय,

(घ) स्थानीय तहवाट प्राप्त भएको सिफारिस सहितको विवरणको प्रमाणीकरणको पुनरपुष्टिका लागि कम्तिमा ७ दिने सार्वजनिक सूचना जारी गरी त्यस सम्वन्धमा प्राप्त उजुरीका सम्वन्धमा जिल्ला समितिले गरेको छानवीन प्रतिवेदन,

(ङ) खण्ड (ग) वमोजिम कुनै उजुरी प्राप्त भए वा आयोगले आवश्यक ठानेमा विगत दश वर्ष देखि आवाद कमोत गरी घर टहरा वनाई वसेको देखिने image फोटो।

(३) देहायका आधारमा भूमि सम्वन्धी समस्या समाधान आयोगले अव्यवस्थित वसोवासी पहिचान गरि प्रमाणित गर्नेछ।

(क) जिल्ला समितिको सिफारिस सहितको निर्णय।

(ख) सम्वन्धित स्थानीय तहको कार्यपालिकाको सिफारिस सहितको निर्णय,

(ग) खण्ड (क) वा (ख) का सम्वन्धमा कुनै उजुरी प्राप्त हुन आएमा सोको सम्वन्धमा आयोगले गरेको छानवीन प्रतिवेदन।

६. **<u>परिवार र अंशवण्डा सम्बन्धी व्यवस्थाः</u>** (१) भूमिहीन दलित र भूमिहीन सुकुम्वासीको हकमा ऐन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा अगाडी नै मानो छुट्टिई घर र भान्सा समेत छुट्टै प्रयोग गरि आएको परिवारलाई मात्र छुट्टै परिवार मान्न सकिनेछ।

(२) अव्यवस्थित वसोवासीको हकमा ऐन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा अगाडी नै कानुन वमोजिम अंशवण्डा भैसकेको परिवारलाई मान्न सकिनेछ।

७. **<u>कार्यविधिमा परिमार्जन तथा संशोधनः</u>** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा आयोगले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

(२) यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।